# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालसँग डेभलपमेन्ट बैंकर्स एसोसिएसनको भेटवार्ता

गभर्नर डा. चिरंजीबि नेपालसँग डेभलपमेन्ट बैंकर्स एसोसिएसनको एक प्रतिनिधि मण्डलले २०७२ भदौ २ गते भेट गऱ्यो । आर्थिक वर्ष २०७२/७३ सालको मौद्रिक नीतिका बारेमा एसोसिएसनको धारणा प्रस्तुत गर्ने उद्देश्यले गरिएको सो भेट गरिएको थियो ।



भेटको क्रममा प्रतिनिधिमण्डलका सदस्यहरुद्वारा आफ्ना धारणा राख्दै राष्ट्र बैंकले हालै जारी गरेको मौद्रिक नीतिका अधिकांश प्रावधानहरु सकारात्मक रहेको जनाउँदै बैंक तथा वित्तीय संस्थाहरुले प्रयोगमा ल्याएका डेबिट, क्रेडिट, प्रिपेड लगायतका Magnetic Strip Card लाई Chip Based Card ले प्रतिस्थापन गर्नुपर्ने समयावधि कम भएको, वित्तीय क्षेत्र स्थायित्वका लागि बैंक तथा वित्तयि संस्थाको पुँजीको आधार सुदृढ हुनुपर्ने सन्दर्भमा नयाँ मौद्रिक नीतिमा भएको व्यवस्था स्वागतयोग्य भए पनि २०७४ असार मसान्तसम्मको अवधि छोटो भएकाले समयमा पुनःविचार गरिदिन आग्रह गरिएको थियो ।

सो अवसरमा गभर्नर डा. नेपालले नेपाल राष्ट्र बैंकले पर्याप्त छलफल तथा गृहकार्यपछि पुँजी सम्बन्धी नयाँ व्यवस्था गरेकाले यसमा परिवर्तन नहुने स्पष्ट गर्नुहुँदै यस प्रावधानको कार्यान्वयनको क्रममा देखा पर्ने व्यावहारिक समस्या समाधान गर्न बैंक तयार रहेको जानकारी दिनुभयो । व्यावसायिक एवम् वित्तीय रुपमा बैंक तथा वित्तीय संस्था आफैं सबल हुनुपर्ने आवश्यकतामाथि जोड दिँदै उहाँले ठुला परियोजनामा समेत लगानी गर्न बैंकलाई सक्षम बनाउनु अहिलेको आवश्यकता रहेको स्पष्ट पार्नुभयो । कुनै बैंक तथा वित्तीय संस्था कमजोर भएमा केन्द्रीय बैंकले सुधार गरी पुनः जिम्मा लगाउने प्रवृत्ति अन्त्य हुनुपर्ने भन्नुहुँदै उहाँले केन्द्रीय बैंकको आफ्नै अन्तराष्ट्रिय मापदण्ड हुने र नेपाल राष्ट्र बैंक सोही दिशामा अघि बढेको जानकारी दिनुभयो ।

डेपुटी गभर्नरद्वय गोपालप्रसाद काफ्ले र महाप्रसाद अधिकारीले मौद्रिक नीति कार्यान्वयनमा बैंक दृढ रहेको स्पष्ट पार्दै एक जिल्ले विकास विकास बैंकहरुको स्तर परिवर्तनका सम्बन्धमा उपाय खोजिरहेको जानकारी दिनुभयो । साथै, बैंक तथा वित्तीय संस्था मर्जरका लागि एक वर्ष नै पर्याप्त हुने भएकाले दुई वर्षको अवधिलाई कम भन्न नमिल्ने धारणा राख्दै प्रस्तावित वित्तीय क्षेत्र विकास रणनीतिको अवधारणा अनुसार यो प्रावधान ल्याइएको स्पष्ट पार्नुभएको थियो ।

सो अवसरमा बैंक तथा वित्तीय संस्था नियमन विभाग तथा विकास बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशकहरुको समेत उपस्थिति थियो ।

२०७२ भदौ २ गते, बुधबार

गभर्नरको कार्यालय